# त्रियुगा नगरपालिकाको कार्यालय
# गाईघाट उदयपुर

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण प्रतिवेदन

२०७३ जेष्ठ

***प्रतिवेदक***


हिमाल कुमार खड्का
अध्ययन कर्ता
त्रि.न.पा.१५

# विषय सूचि

## Contents


१. पृष्ठभूमी ........ 3

२. औचित्य ........ 4

**३. विधि** ........ 4

४. सीमा ........ 5

५. सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु ........ 6

**७. मानव संसाधन र सम्वन्ध विस्तार** ........ 9

६. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षण बाट आएका प्रमुख प्राप्तीहरु ........ 10

७. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना ........ 14

**८.लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण विधि** ........ 17

९. अंक प्राप्त ........ 23

१०. माकुरीजालोको चित्र ........ 24

११. निष्कर्ष : ........ 25

१२. सहभागीहरुको नामावली ........ 26

१३. कार्यक्रमका झलकहरु ........ 28

## १. पृष्ठभूमी

नेपालको संविधान २०७२ मा उल्लेखित राज्यको दायित्व तथा निर्देशिक सिद्धान्त तथा नीतिहरुमा महिला, दलित , आदिवासी जनजाती, मेधेसी, उत्पीडित तथा उपेक्षित र अल्पसंख्यंक समुदाय र पिछडिएको क्षेत्र लगायतले भोग्नु परेका समस्याहरुलनई सम्वोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनरसंरचना  गर्ने प्रवधान राखिएको छ । सार्वभौम संविधान सभा संसदबाट जारी गरिएका विभिन्न ऐनहरु ,राष्ट्रिय योजनाका दस्तावेजहरु नेपाल सरकारबाट जारी भएका विभिन्न विषय क्षेत्रका नीतिहरु, लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ जस्ता प्रवधानले स्थानीय निकायहरुका लैंगीक समानता तथा सामाजिक समावेसीकरण नीति र कार्यकम गर्ने अभिप्रय बोकेको छ । यसै उद्देश्यले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०६८ सालमा स्थानीय निकाय लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८, जारी गरी लागु गरेको छ ।

स्थानीय निकाय र यसका सवै साझेदार संस्थाहरुको नीति र कार्यकमहरुमा लैंङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी समातामूल विकास एवं प्रवर्द्धनलाई संस्थागत गर्नु स्थानीय निकाय लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जमा एवं परीक्षणको मुख्य उद्देश्य हो ।

स्थानीय स्वायत्त शासन २०५५ का सिद्धान्त एवं नीतिहरुले जवाफदेहिता, पारदर्शिता, प्रजातान्त्रिक प्रकृया तथा नागरिक समाजको सबलता जस्ता सुशासनका आधारभूत पक्षमा जोड दिएका छन् । स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायलाई सबल तुल्याएको छ र स्थानीय विकासका क्रियाकलापहरुप्रति जिम्मेवार र उत्तरदायी बनाएकोछ । यीनको प्रमुख सरोकारको क्षेत्र भनेको गाउँ, नगर तथा जिल्लाको समग्र विकासमा टेवा पुऱ्याई सम्मुनत राष्ट्र निर्माणको लागि महत्वपूर्ण भुमिका खेल्नु हो । विभिन्न विषयगत कार्य खासगरी शिक्षा, स्वास्थ्य, तथा कृषि र स्थानीय पूर्वाधार निर्माण प्रति जिविस, गाविस तथा नगरपालिकाको जिम्मेवारी वढेकोछ ।

विकेन्द्रीत योजना प्रकृया अनुरुप स्थानीय निकायहरुको योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक समता, सशक्तिकरण र मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण प्रकृयाका विभिन्न चरणहरुमा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता ब्यक्त भएका छन् । गाउँ तथा नगरमा वसोवास गर्ने आदीवासी जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडिएको समुदाय, विभिन्न कारणले पछाडि परेको समुह तथा अन्य समुदाय समेतका महिला,पुरुष, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक र बालवालिकाको आवश्यकतालाई विश्लेषण गरी सम्बोधन गर्न स्थानीय निकायले लैङ्गिक मुलप्रवाहिकरण तथा सामाजिक समावेशी व्यवस्थालाई संस्थागत गर्दै लैजानु पर्ने हुन्छ ।

लैङ्गिक समता तथा सामाजिक समावेशी कायम गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३, १११ र १९५ अनुसार स्थानीय निकायले आफ्नो क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला, सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका विपन्न समुदाय र वालवालिकाका लागि आयमूलक तथा शिपमुलक कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने प्रावधान छ । स्थानीय निकायको लागि जारी गरिएको लैङ्गिक समानता तथा सामजिक समावेशीकरण

नीति,२०६६ ले ब्यवस्था गरेका नीतिगत व्यवस्थाहरुको कार्यान्वयनको लागि त्रियुगा नगरपालिकाको बार्षिक वार्षिक योजना २०७१/०७२ को सफल कार्यान्वयन पश्चात आ.व. २०७२/०७३ मा यो लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण गरिएको हो । उक्त परीक्षणको प्रतिवेदनको रुपमा यसलाई दस्तावेजीकरण गरिएको हो ।

## २. औचित्य

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ५०, १२२ र २०७ को प्रावधान अनुसार स्थानीय तहमा योजना तर्जुमा गर्न आवश्यक निर्देशन दिन तथा नेपाल सरकारले स्वीकृत गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ लाई कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ बमोजिम त्रियुगा नगरपालिकाको बार्षिक योजना २०७१/०७२ को सफल कार्यान्वयन पश्चात आ.व. २०७२/०७३ को प्रथम चौमासिक अवधि भित्र यो लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण गरिएकोछ ।

## ३. विधि

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहभागितामुलक प्रकृया अवलम्बन गरिएको थियो विशेषगरी यो परिक्षण कार्यमा निम्न लिखित विधिहरुको प्रयोग गरिएको थियो ।

**क) दस्तावेजहरुको अध्ययन** ( Documents review ) : यो प्रतिवेदन तयारी गर्नका लागि निम्नलिखित दस्तावेजहरुको अध्ययन गरिएको थियो ।

- नगरको आवधिक योजना
- वार्षिक योजना
- बार्षिक प्रगति समिक्षा प्रतिवेदन
- महिला नगर समन्वय समितिको माइन्यूट
- दलितबर्ग उत्थान नगर समन्वय समितिको माइन्यूट तथा अनुगमन प्रतिवेदन
- आदीवासी जनजाति उत्थान नगर समन्वय समितिको माइन्यूट
- अपांग नगर समन्वय समितिको माइन्यूट
- पिछडावर्ग नगर समन्वय समितिको माइन्यूट
- नगर अनुगमन तथा मूल्यांकन कार्यदलको प्रतिवेदन
- आर्थिक प्रतिवेदनहरु

**ख) सहभागीतामूलक २ दिने गोष्ठी** :

- लगरपालिकाका शाखागत प्रमुखहरु
- लक्षित समुहका नगर समन्वय समितिका पदाधिकारीहरु
- अन्य सरेकारवाला व्यक्तिहरु

**ग) मुख्य सूचकहरुसागको अन्तरवार्ता** ( Key Informants Interview ) :

- नगरका शाखागत प्रमुखहरुसँग अन्तरवार्ता
- लक्षित समुहका नगर समन्वय समितिका पदाधिकारीहरुसँग अन्तरवार्ता

**घ) स्थलगत भ्रमण** ( Field Observation ) :

- लक्षित समुहकालागि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन भएका ३ वटा आयोजना स्थलको भ्रमण

## ४. सीमा

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षणको सिमा (Limitations) यस प्रकार छन् ।

- नगरका शाखागत प्रमुखहरु सँगको मौखिक छलफलमा आधारित
- केही आयोजनाहरु ( Sampled Projects ) को अवस्थामा आधारित
- गोष्ठीका सभागीहरुको छलफलमा आधारित ।
- विभिन्न दस्तावेजहरुको अध्ययन ।

## ५. सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु

### १. स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • नगरको आवधिक योजना बनाउ निर्माण भएको र उद्देश्य तथा रणनीति र कार्यनीतिमा लैंगीक मैत्री अवस्था देखिएको । | |
| • स्थानीय निकायका पदाधिकारी र कर्मचारीको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग र समुदायका बिच सामाजिक समावेशीकरण हुने गरी कर्मचारी र पदाधिकारीको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ | • कर्मचारी नियमावलीमा लैससास नीति अनुसार स्पष्ट व्यवस्था हुनु पर्ने ।<br>• लैंगिक विकास डेष्क स्थापना हुनु पर्ने । |
| • महिला पुरुषलाई भिन्दै सौचालयको व्यवस्था रहेको छ । | • महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनपानसम्बन्धी संवेदनशीलतालाई ध्यान दिनु पर्ने ।<br>• कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिनु पर्ने । |

### २. स्थानीय निकायको क्षमता विकास योजनामा लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • स्थानीय निकायमा कर्मचारीहरुको क्षमता विकासको लागि बजेटमा व्यवस्था गरेको<br>• स्थानीय निकायका पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम आधाजसो कर्मचारीहरुले लिएको पाइयो ।<br>• तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरेको । | • कर्मचारीहरुलाई लैससास तालिमको लागि भिन्दै बजेटको व्यवस्था गर्नु पर्ने । |
| • बार्षिक नगरको योजना अन्तरगतका आयोजनाहरु कार्यान्वयन गर्न गठित उपभोक्ता समितिको सन्दर्भमा गठन भएका उपभोक्ता समितिहरुमा ३३ प्रतिसत् भन्दा बढी महिलाहरुको सहभागिता हुने गरेको छ । मुख्य तीन पदाधिकारी मध्ये १ महिला हुनु पर्ने व्यवस्था गरिएको अन्य जातीको सहभागीता पनि रहने सुनिश्चितता गरिएको ।<br>• क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने | • महिला तथा लक्षित समूहका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राबिधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) व्यवस्था गरिनु पर्ने ।<br>• स्थानीय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गर्नु पर्ने । |

| | |
|---|---|
| प्रकृयामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागी गराईएको पाइयो । | |
| ● लक्षित वर्गको केही सम्म कार्यक्रम वनाई क्षमता अभिबृद्धि गर्ने प्रयास गरिएको | ● स्थानीय निकायको क्षमता अभिबृद्धि कार्ययोजना वनाउनु पर्ने । यसको लागि छुट्टै बजेटको व्यवस्था गर्नु पर्ने ।<br>● नगरका कर्मचारीहरुको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गर्नु पर्ने । |

## ३. लक्षित कार्यक्रम

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ● केही तथ्यांकहरु आवधीक तथा वार्षिक योजनामा समावेश गरिएको । लक्षित बजेट नीति अनुसार लक्षित समुहको सहभागीतामा योजना निर्माण गरी कार्यन्वयन भएको ।<br>● कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसंग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिएको<br>● स्थानीय निकायको योजनामा लक्षित समूहहरुको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको पाइयो । | ● सूचना संकलन तथा अध्यवधिक हुनु नियमित रुपमा पर्ने । खण्डीकृत तथा व्यवस्थित प्रस्तुती हुनु आवश्यक छ । आवश्यक बजेट छुट्टयाउनु पर्दछ । |
| ● नगरपालिकाले बार्षिक योजना तर्जुमा गर्दा लक्षित वर्गहरुको अर्थपूर्ण सहभागीता सुनिशिचत गर्न र उनीहरुको बास्तविक आवश्यकतालाई नगर योजनामा समाबेश गर्न रिफ्लेक्ट कक्षाहरुको ( Reflect Sessions)संचालन, वडा भेला, लक्षित वर्गको कार्यक्रम मार्फत महिला, अति गरिव, वालवालका तथा बञ्चितिकरणमा परेकाहरुको सवाल पहिचान गरी त्यस्ता सवालहरुलाई सम्बोधन हुने नीति तथा कार्यक्रमहरुको छनौट तथा कार्यन्वयन गरिएको<br>● कानुनी क्षिक्षा, प्राविधिक तामि, अन्य महिला क्षमता विकासका कार्यक्रमहरु संचालन भएका छन् । | |
| ● स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरुको सक्रिय सहभागितामा तय गर्ने गरेको<br>● महिलालाई प्रत्यक्ष लाभ हुने रमहिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने गरिएको<br>● स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समुहहरु लाभान्वित भएको पाइयो । | ● लीक्षत समुहको अर्थपूर्ण सभागीता प्रभावकारीता अध्ययन गर्नु पर्ने । |

## ४. लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • आधारभूत तथ्यांक संकलन तथा प्रसोधन गरी राख्ने गरेको महिला लक्षत कार्यकम प्रभावकारी रुपमा सम्पूर्ण योजना कार्यन्वयन भएको<br>• गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरु सम्पन्न भएको पाइयो ।<br>• योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरु को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको हुनु पर्ने र सो अनुसारको कार्यकम तय गर्ने गरिएको हुनु पर्ने । | • नगरले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्यांक व्यवसायिक रुपमा संकलन गर्ने तथा खण्डीकृत तथ्यांङ्कको समय समयमा अध्यावधिक गर्ने निमित परिपाटीको सुनिश्चिता गर्नु पर्ने ।<br>• स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रकिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरिनु पर्ने |
| • नगरपालिकाले कार्यक्रम कार्यान्वयन गर्दा लक्षित समुदायको महिला तथा पुरुषहरुको सकृय सहभागिता हुने गरेको । | • नगरले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने ।<br>• कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्दा कार्यक्रमबाट लक्षित वर्गले प्राप्त गरेको लाभ र ती वर्गहरुमा कार्यक्रमले पारेको असर र प्रभावको लेखाजोखा तथा विश्लेषण हुनु पर्ने ।<br>• स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत हुनु पर्ने ।<br>• अनुगमन तथा मूल्यांकनबाट प्राप्त भएका ठम्याईहरुलाई (Findings) आगामी कार्यक्रमहरुमा लागु गर्नुपर्ने । |

## ५. आन्तरिक संरचना

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • नपामा लैससास कार्यन्वयन समिति गठन भएको | |
| • नपामा महिलाका लागि छुट्टै कोषको व्यव्स्था गरिएको छ ।( हिंसा पीडित हरुको लागि)<br>• आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरुको विकासको लागि वजेटको व्यवस्था भएको छ र उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको पाइयो ।<br>• कम्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको | • नगरपालिकामा लैगिक डेस्कको स्थापना हुनु पर्ने तथा बजेटको व्यवस्था समेत हुनु पर्ने । |
| • न.पा. अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति लगायत अन्य समन्वय समिति गठन गरी सक्रिय रुपमा संचालनमा रहेको ।<br>• नगरमा स्रोत अनुमान समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरुमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता रहेको छ | • स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा समितिहरुको सक्रिय सहभागिता हुनपर्ने |

## ६. सुशासन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • नपाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गरेको ।<br>• महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको पाइयो ।<br>• नगरको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको पाइयो ो | • स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरु छिटो छरिता ढंगबाट दिने विशेष व्यवस्था हुनु पर्ने । |
| • नपाले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेका पाइयो ।<br>• नपामा खण्डीकृत तथ्याङ्कलाई कम्प्यूटरकृत गरिएको<br>• स्थानीय निकायले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेको | • स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि नगर योजना तर्जुमा गर्नु पर्ने तथा बजेटको व्यवस्था गर्नु पर्ने । |
| • स्थानीय पत्रकारहरु तथा सञ्चारका साधनद्वारा स्थानीयस्तरमा सूचना प्रवाहको व्यवस्था भएको ।<br>• नपा क्षेत्रका लक्षित बर्गहरुको चेतनामा अभिबृद्धि भएको । समग्र विकास कार्यमा उनिहरुको सहभागितामा बृद्धी भएको । | • सूचना तथा अभिलेख केन्द्रको स्थापनाको लागि बजेटको व्यवस्था हुनु पर्ने । |

## ७. मानव संसाधन र सम्वन्ध विस्तार

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| • स्थानीय निकायमा लैङ्गिक तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोतहरु रहेको ।<br>• लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र ( संजाल) बनेको छ । | • श्रोत व्यक्ति (महिला, पुरुष) हरुको सुचीकृत अभिलेख राख्नु पर्ने ।<br>• स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाई स्थापना गर्नु पर्ने ।<br>• स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयवन गर्नु पर्ने । |
| | • प्रविधिक तयार गर्ने तालिमहरुका् व्यव्स्था आगामी बजेटमा गर्नु पर्ने |
| | • योजना तर्जुमा गर्दा महिलाको ब्यावहारिक र रणनैतिक आवश्यकता परिपूर्ति हुने खालका कार्यक्रम तर्जुमा गर्ने । |

## ८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| नगर क्षेत्र भित्र विभिन्न गैससहरुसँगको समन्वयमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन हुने गरेको | सहस्राब्दी विकास लक्ष्यलाई स्थानीयकरण गर्न लक्ष्य अनुसारको बजेटको व्यवस्था गर्नुपर्ने |
| नगको कार्यालयमा महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अवलम्बन गरिरएको । संयूक्त राष्ट्रसंघ सुरक्षा परिषदको निर्णय नं. १३२५ र १८२० को जानकारी तथा कार्यान्वयनको लागि नपाले आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको । | BPFA मा भएको महिला र १२ क्षेत्रसँग सम्बन्धित प्रतिवद्धताको सन्दर्भमा जानकारी वा अभिमुखिकरण गर्नुपर्ने । |
| | CEADAW ले व्यवस्था गरेको अवस्थाहरुको सुनिश्चितताको लागि कार्यक्रम तथा बजेट विनियोजन गर्नुपर्ने । |
| | यस क्षेत्रभित्र सवै वडा हरुलाई क्रमश लैङ्गिक हिंसा रहित गाविस घोषणा गर्दै जानु पर्ने । |
| | बाल अधिकार महासन्धीलाई साकार पार्न बालवालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन गर्नु पर्ने । |
| | नगर भित्र विद्यमान जातीगत छुवाछुत र यस्तै कुरितिहरु हटाउन आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गर्नुपर्ने |
| | |

## ६. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षण बाट आएका प्रमुख प्राप्तीहरु

### (१) **स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास**

यस नगरपालिकाको आवधिक योजना तयार भई कार्यान्व्यनमा ल्याइएको पाइयो । उक्त आवधिक योजनाका उद्देश्य तथा रणनीतिहरुमा  उद्यपी वार्षिक योजनामा भने लैससास सम्बन्धीगिक मैत्री अवधारणाको व्यवस्था गरेको पाइयो । **नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास** विषयहरुलाई सम्वोधन गरेका पाइयो । यद्यपी संस्थाको परिकल्पानामा भने **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास विषय स्पष्ट व्यवस्था रहेको पाइयो ।**

कर्मचारीहरुको पदपुर्ती सम्बन्धमा भिन्दै नगरको नीति नभएपनि नेपाल सरकारले अख्तीयर गरेको समावेसी नीतिलाई यहा अवलम्बन गरिएको पाइयो । स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था हाल सम्म नभएपनि स्थानीय स्तरमा विभिन्न समुहमा रहेर काम गरिरहेको पाइयो ।  कर्मचारीहरुको संख्या सामान्यतय ५० /५० पैतिशतको अवस्था नरहेको पाइयो ।  तर महिला र पुरुषको लागि भिन्दा भिन्दै सौचालयको व्यवस्था भने पाइयो ।

कर्मचारी पदपूर्ति गर्दा महिला र पुरुषको संख्या समान नभएसम्म कर्मचारी भर्ना प्रकृया सकरात्मक विभेदको अवधारण अवलम्बन गर्नुपर्ने । नगरको काम कार्यवाहीलाई सहजीकरण तथा समन्वयलाई मजबुत वनाउन गठन हुने विभिन्न समितिहरुमा पदाधिकारीहरु समावेशी प्रावधान अनुरुपको हुनुपर्ने ।
महिला कर्मचारी तथा सेवाग्राहीहरुको लागि नगर परिसर भित्र आरम गर्ने कोठा तथा आफूसँग ल्याएको शिसुकोलागि खेल्नेस्थान तथा स्तनपान गराउने सुरक्षित तथा सम्मानित स्थानको उपलब्धता हुनु पर्ने । कार्यालय परिसर भित्र महिला सम्बेदनसिल बातावरण बन्न सहयोग पुग्ने खालका सूचनाहरु राखिनु पर्ने । तर सामाजिक परिचालकहरु भने सम्पूर्ण महिलाहरु रहेको पाइयो ।

## (२) स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

- स्थानीय निकाय भिन्दै क्षमता विकासको लागि योजना भएपनित्यसको लागि बजेट विनियोजन गरेको पाइएन । आगामी दिनमा क्षमता विकास सम्बन्धी बजेट भिन्दै व्यवस्था गर्ने प्रतिवद्धता रहेका पाइयो ।
- तालिममा महिला तथा पुरुषको सहभागीता समानुपातिक ढंगले रहेको पाइयो ।
- उपभोक्ता समितिमा मुख्य तीन पदाधिकारी मध्ये १ महिला हुनु पर्ने व्यवस्था गरिएको ३३ प्रतिशत महिला सहभागीता सुनिश्चित गरिएको तथा अन्य जातीको सहभागीता सुनिश्चित गर्ने अभ्यास रहेको पाइयो ।
- लक्षित वर्गले नै लक्षित कार्यक्रम वनाई कार्यन्वय गर्ने परिपाटीको विकास रहेको पाइयो ।

## (३) लक्षित कार्यक्रम

- कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसंग बसेर समस्या केलाउन उनीहरुको आवश्यकतामा आधारित योजना निर्माण गरी उनीहरु कै उपभोक्ता समिति निर्माण गर्ने, अनुगमन तथा मूल्यांकन गर्ने जस्ता कार्यहरु गरिएको पाइयो ।
- लक्षित बजेट नीति अनुसार लक्षित समुहको सहभागीतामा योजन निर्माण गरी कार्यन्वयन भएको । नगरपालिकाले बार्षिक योजना तर्जुमा गर्दा लक्षित वर्गहरुको अर्थपूर्ण सहभागीता सुनिशिचत गर्न र उनीहरुको बास्तविक आवश्यकतालाई नगर योजनामा समाबेश गर्न रिफ्लेक्ट कक्षाहरुको ( Reflect Sessions)संचालन, वडा भेला, लक्षित वर्गको कार्यक्रम मार्फत महिला, अति गरिव, वालवालका तथा बञ्चितिकरणमा परेकाहरुको सवाल पहिचान गरी त्यस्ता सवालहरुलाई सम्बोधन हुने नीति तथा कार्यक्रमहरुको छनौट तथा कार्यन्वयन गरिएको  नगरले नेपाल सरकारबाट प्राप्त हुने अनुदान विनियोजन गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि २०६९ ले निर्दिष्ट गरेको लक्षित समूहरुको लागि ३५ प्रतिसत रकमलाई आत्मसाथ गर्दै बजेट विनियोजन गर्ने गरेको छ । साथै योजना निर्माण तथा कार्यन्वयनमा लिक्षित वर्गको अर्थपूर्ण सहभागीता रहेको छ ।
- स्थानीय निकायको योजनामा लक्षित समूहहरुको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको रहेछ
- महिलाहरुको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् जस्तोःसुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरु राख्ने गरेको रहेछ ।

- परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ पाइयो ।

(४) **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन**

- नगरको केही आधारभूत तथ्यांक संकलन तथा प्रसोधन गरी राख्ने गरेको । नियमित अध्यवधिक गर्ने प्रेयास भएपनि व्यापक खण्डीकृत गरि व्यवस्थित गर्नु पर्ने देखिन्छ ।
- महिला लक्षित कार्यक्रम प्रभावकारी रुपमा सम्पूर्ण योजना कार्यन्वयन भएको पाइयो । तर योजना तर्जुमा गर्दा देखि नै लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरिनु पर्ने अवश्यकता देखिन्छ ।
- नगरपालिकाले कार्यक्रम कार्यान्वयन गर्दा लक्षित समुदायको महिला तथा पुरुषहरुको सकृय सहभागिता हुने गरेको । उपभोक्ता समितिमा महिला तथा लक्षित बर्गको सहभागिता हुने गरेको । उपभोक्ता समितिको कार्यकारी पदमा कम्तिमा १ जना महिला अनिवार्य रहने गरेको । ३३ प्रतिशत महिलाको सहभागीता उपभोक्ता समितिमा हुने गरेको छ । र समुदायले आफ्नै हितका निम्ती काम गर्ने भएकाले लाभ प्रभावकारी रहेको छ ।
- अनुगमन समितिमा ३३ प्रतिशत महिला नभएपनि अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिएको पाइयो ।

(५) **आन्तरिक संरचना**

- स्थानीय विकास मंन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट हुने लक्षित वर्गहरुको नगर समन्वय समिति गठन नभए पनि महिलाहरुको योजना प्रक्रियामा अर्थपूर्ण सहभागीताको अभ्यास रहेका पाइयो ।
- नगरबाट सञ्चालित विभिन्न कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनमा लक्षित समूहहरुको प्रभावकारी भूमिका भएको । तर अनुगमन समतिमा ३३ प्रतिशत महिला सहभागीता गराउनु आवश्यक रहेको पाइयो ।
- महिला तथा बालवालिका विशेष कोषको स्थापना नभएपनि सुरक्षित आवासको लागि नियमितरुपमा रकम विनियोजित गरी सहयोग पुर्‍याइ रहेको पाइयो ।
- स्थानीय स्वायत्त शासन ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरुले व्यबस्था गरेको स्थानहरुमा लक्षित वर्गहरुको सहभागिता हुने गरेको ।
- महिला विकासको लागि तय भएको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन नहुने गरेको । नगरले लक्षित वर्ग तथा समूहहरुलाई योजना ब्यवस्थापनका विभिन्न अवस्थाहरुमा सकृय सहभागिताको सुनिश्चितता गर्नु पर्ने ।

(६) **सुशासन**

- नगरपालिकाले सार्वजनिक सुनुवाई नियमित रुपमा गरेको पाइयो । हरेको परियाजनाको पनि सार्वजनक परिक्षण कार्य नियमित रुपमा नै हुने गरेको रहेछ ।
- योजनाको बार्षिक समिक्षा बैठकमा लक्षित वर्गको सकृय उपस्थित हुने गरेको ।

- नगरले आफ्नो क्षेत्र भित्रका लक्षित वर्ग तथा सेवाग्राहिहरुलाई दिने सेवा प्रवाहमा चुस्तता रहेको ।
- सूचनाका साधनहरुको भरपूर उपयोग गरी नगरका विभिन्न खाले सूचना(एफ.एम.पत्रिका तथा अन्य माध्यामबाट) लक्षित बर्ग लगायत सम्पूर्ण जनतामा प्रवाह गर्ने गरेको । उपलब्ध नगर क्षेत्रको आर्थिक, सामाजिक तथा भौतिक सूचनाहरुलाई कम्प्यूटरकृत गरिएको ।
- नगर भित्रका पञ्जिकरणका सूचनाहरु अध्यावधिक रहेको । नगरका लक्षित बर्गहरुको चेतनामा अभिबृद्धि भएको । नगरको समग्र विकास कार्यमा उनीहरुको सहभागितामा बृद्धी भएको । स्थानीय पत्रकारहरुद्वारा स्थानीयस्तरमा सूचना प्रवाहको ब्यवस्था भएको ।

  - आफ्ना क्षेत्रको पञ्जीकरणको तथ्यांक अध्यावधिक गर्ने गरेका छन् ?

(७) **मानव संसाधन, सम्बन्ध विस्तार**

- नगर भित्र लैङ्गिक तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत रहेको तर नगपालिकाले श्रोत व्यक्तरुको नामावली सूचिकृत गर्नु आवश्यक रहेको ।
- लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ । लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ?

(८) **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिबद्धता**

- नगर क्षेत्रभित्र लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन हुने गरेको ।
- कार्यालयमा महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अवलम्बन गरिएको ।

- सहस्राब्दी विकास लक्ष्यलाई स्थानीयकरण गर्न लक्ष्य अनुसारको कार्यक्रम तथा बजेटको ब्यवस्था गर्न थालिएको ।
- BPFA मा भएको महिला र १२ क्षेत्रसँग सम्बन्धित प्रतिवद्धताको सन्दर्भमा जानकारी वा अभिमुखिकरण गरिएको तथा CEADAW ले ब्यवस्था गरेको अवस्थाहरुको सुनिश्चितताको लागि कार्यक्रम तथा बजेट विनियोजन गरिएको ।
- नगर भित्रका सवै वडाहरुलाई क्रमश लैङ्गिक हिंसा रहित गघोषणा गर्दै जानको लागि कार्यको सुरुवात रहेको यस नपामा महिला हिंसा विरुद्ध कार्य गर्ने संस्थाहरु प्रसस्त भएकाले सहकायमा कार्य प्रारम्भ भएको ।
- बाल अधिकार महासन्धीलाई साकार पार्न बालवालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन गर्न थालिएको ।
- यस क्षेत्रभित्र विद्यमान जातीगत छुवाछुत र यस्तै कुरितिहरु हटाउन आवश्यक कार्यक्रम तथा बजेटको ब्यवस्था गरी कार्यन्वयन भइरहेको ।
- संयूक्त राष्ट्रसंघ सुरक्षा परिषदको निर्णय नं. १३२५ र १८२० को जानकारी तथा कार्यान्वयनको लागि आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन भएको पाइयो । ।

## ७. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

### (१) स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| आवधिक योजनाका लैंगीक संवेदनशीलता समावेस गर्ने | अवधिक योजना अध्यवधिक गर्ने | ३ महिना | १,००००० | कर्मचारी |
| कर्मचारी पदपूर्ती प्रकृयामा समावेशी नीति अवलम्बन गर्ने | विनियमावली लाई सुधार गर्ने | ३ महिना | ५०,००० | नगरपालिका |
| नगरमा लैंगिक संवेदनशीलता अप्नाउन डेष्कको स्थापना गर्ने | लैंगिक डेष्कको स्थापना गर्ने ससास | निरन्तर | – | सामाजिक विकास शाखा |

### (२) स्थानीय निकायको क्षमता विकास योजनामा लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| स्थानीय निकायका कर्मचारीको क्षमता अभिबृद्धि गर्ने | क्षमता बृद्धि योजना तयार गरी आवश्यक बजेट विनियोजन गर्ने | २०७३ भित्र | **१००,०००** | **नपा** |
| कर्मचारीहरुको लैससास सम्बन्धि क्षमता अभिबृद्धि गर्ने | सामाजिक विकास शाखाका कर्मचारीहरुलाई लैससास सम्बन्धी प्रशिक्षक प्रशिक्षण दिने | २०७४ बैसाख सम्म | १,००,००० | नपा |

### ३. लक्षित कार्यक्रम

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| महिलाहरुको लागि शिक्षा तथा कानुन सम्बन्धी क्षमता विकास गर्ने | महिलाहरुको लागि शिक्षा तथा कानुन सम्बन्धी विशेष कार्यकमहरु संचालन गर्ने | **२०७४ मा** | **४०,०००** | **नपा** |
| नगरको खण्डिकृत तथ्यांक राख्न अध्यवधिक गर्ने | नगर प्रोफायल अध्यवधिक गर्ने | निरन्तर | ५०००० | नपा |

### (४) लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरको योजना | नगरको अनुगमन समितिमा | २०७३ | | नपा |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्थापन चक्रमा लक्षितबर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने | ३३ प्रतिसत महिला सभागिताको सुनिश्चितता हुनेगरी अनुगमन तथा मुल्यांकन विनियमावली तयारी गर्ने | बैसाख | | |
| | एक आ.व.मा कुनै एक परियोजनाको प्रभाव मुल्यांकन गरी लक्षित वर्गमा योजनाले पारेको प्रभावको लेखाजोखा गर्ने । | २०७४ बैसाख | ५०,००० | नपाले तेश्रो पक्षको चयन गरी मुल्यांकन गराउने |

## ५. आन्तरिक संरचना

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगर क्षेत्र भित्रको विभिन्न सार्वजनिक निर्णय गर्ने स्थानमा लक्षित वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने | नेपालको सम्बिधानका मौलिक हक लगायत स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ लगायत स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६८ मा भएका विविध सान्दर्भिक प्रावधानका वारेमा अभिमुखिकरण गर्ने । | २०७३ चैत्र | १०,००० | सामाजिक विकास साखा |
| नपामा लैससाकार्यन्वयनमा प्रभावकारीता ल्याउन ँ | नपामा लैससास कार्यन्वयन समिति गठन हुनु पर्ने | | | नपा. |

## ६. सुशासन

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नपामा सूचना तथा अभिलेखको संस्थागत विकास गर्ने र तदनुरुप सूचनाको तादाम्यता सुनिश्चित गर्ने | सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने | २०७३ चैत्र | ३०,००० | नपा |
| | नगर क्षेत्रभित्र विभिन्न निकायहरुले प्रयोग गर्ने सूचनामा Uniformity कायम गर्ने | निरन्तर | – | नपा |

## ७. मानव संसाधन र सम्वन्ध विस्तार

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| वैदेशिक रोजगारमा जाने महिलाहरुको रोजगारी | वैदेशिक रोजगारमा जाने महिलाहरुको लागि परामर्श | निरन्तर | १००००० | नपा |

| | | | | |
|---|---|---|---|---|
| सुरक्षित र सम्मानित वनाउने | सेवा सञ्चालन गर्ने | | | |
| ग्रमीण महिलाहरुको प्राविधिकहरु क्षमता अभिबृद्धि गर्ने | ग्रमीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने | | ५०००० | |

## ८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| राष्ट्रिय अन्तर्राष्ट्रिय नीति तथा अभिसन्धीहरुका वारेमा जानकारी गराउने | • BPFA मा भएको महिला र १२ क्षेत्रसँग सम्बन्धित प्रतिवद्धताको सन्दर्भमा जानकारी वा अभिमुखिकरण गर्ने ।<br>• CEADAW ले ब्यवस्था गरेको अवस्थाहरुको सुनिश्चितताको लागि कार्यक्रम तथा बजेट विनियोजन गर्ने ।<br>• लैङ्गिक हिंसा रहित वडा घोषणा गर्दै जाने ।<br>• बाल अधिकार महासन्धीलाई साकार पार्न बालवालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन<br>• गर्ने ।<br>• संयूक्त राष्ट्रसंघ सुरक्षा परिषदको निर्णय नं. १३२५ र १८२० को जानकारी गराउने । | २०७४ जेष्ठ | १,५०,००० | सामाजिक विकास साखा |
| | | | | |

## ८.लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण विधि

| क .स. | सूचक र उप सुचक हरु | अंक | प्राप्ताङ्ग |
|---|---|---|---|
| १ | **स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | १२ | ७ |
| १.१ | **स्थानीय निकायको नीति र योजनामा लैङ्गिक तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)** | ४ | ३ |
| क | स्थानीय निकायको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ /छैन ? | ०–१ | ०.५ |
| ख | स्थानीय निकायको उद्देश्यले महिला र पुरुषबीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरुलाई समेटेको छ /छैन ? | ०–१ | ०.५ |
| ग | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ /छैन ? | ०–१ | १ |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ /छैन ? | ०–१ | १ |
| १.२ | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | ४ | १ |
| क | स्थानीय निकायका पदाधिकारी र कर्मचारीको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग र समुदायका बिच सामाजिक समावेशीकरण हुने गरी कर्मचारी र पदाधिकारीको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ /छैन ? | ०–१ | १ |
| ख | स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ /छैन (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०–१ | ० |
| ग | स्थानीय निकायको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान ( ५० र ५०) प्रतिनिधित्व रहेको छ /छैन | ०–१ | ० |
| घ | महिला तथा पुरुष कर्मचारीहरुको संख्यामा समानता छ /छैन । (स्थानीय निकायले नियुक्ति गर्नेको हकमा मात्र लागु हुने ) | ०–१ | ० |
| १.३ | **लैङ्गिक संवेदनशील कार्य प्रणाली** | ४ | ३ |
| क | महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनपानसम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ /छैन (गर्भवती महिलालाई जोखिमयुक्त , खतरायुक्त काममा लगाउन नपाइने ) | ०–१ | १ |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ /छैन | ०–१ | १ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ /छैन | ०–१ | ०.५ |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइ को व्यवस्था छ /छैन | ०–१ | ०५ |
| २. | **स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण** | १२ | ७.५ |
| २.१ | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ४ | २.५ |
| क | स्थानीय निकायका पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन् | ०–१ | ०.५ |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था थियो वा थिएन (पर्याप्त रकम भन्नाले सवै पदाधिकारी/कर्मचारी देखि वडा का सचिव र सामाजिक परिचालकहरुसम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन | ०–१ | ०.५ |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | ०–१ | १ |
| **२.२** | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | ४ | २.५ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरुको सहभागिता छ ? | ०–१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरुलाई तालिमको व्यवस्था छ ? | ०–१ | ०.५ |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागी गराईन्छ ? | ०–१ | ०५ |
| घ | महिला तथा लक्षित समुहका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राबिधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको वजेट विनियोजन गरिएको छ ? | ०–१ | ०.५ |
| **२.३** | **स्थानीय निकायको क्षमता विकास कार्ययोजना** | ४ | २.५ |
| क. | स्थानीय निकायको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०–१ | १ |
| ख. | के स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| ग. | के स्थानीय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण  नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| घ | उक्त परिक्षण पश्चात  लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटका ब्यवस्था  गरेको छ? | ०–१ | ०.५ |
| **३: लक्षित कार्यक्रम** | | १२ | १०.५ |
| **३.१** | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता :** | ४ | ४ |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायतनेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०–१ | १ |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसंग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ ? विपन्ता स्तरीकरण भएको छ ? (दुवै भए (१) र एक मात्र भएमा (०.५) चिन्ह दिने । ) | ०–१ | १ |
| ग | के स्थानीय निकायको योजना लक्षित समूहहरुले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | ०–१ | १ |
| घ | के स्थानीय निकायको योजनामा लक्षित समूहहरुको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ ? | ०–१ | १ |
| **३.२** | **महिला उत्थानका लागि कार्यक्रमहरु** | ४ | ३ |

| | | | |
|---|---|---|---|
| क | महिलाहरुको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तोःसुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरु राख्ने) | ०–१ | १ |
| ख | महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् ? ( जस्तोः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | ०–१ | ० |
| ग | महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तोः कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | १ |
| घ | महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालिनबाट लाभान्वित भएको छन् ? (जस्तोः कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | १ |
| **३.३** | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु** | ४ | ३.५ |
| क | स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरुको सक्रिय सहभागितामा तय गर्ने गरेको छ | ०–१ | १ |
| ख | स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने गरिएको छ ? | ०–१ | १ |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? | ०–१ | ०.५ |
| घ | स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समुहहरु लाभान्वित भएका छन ? | ०–१ | १ |
| ४ | **लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | १२ | ६.५ |
| **४.१** | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | १.५ |
| क. | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्यांक संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डीकृत तथ्यांङ्कको समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | ०–१ | १ |
| ख. | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरु को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | ०–१ | ०.५ |
| ग. | के स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरिन्छ ? | ०–१ | ० |
| घ. | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै क्रृयाकलापहरु सम्पन्न भए ? | ०–१ | ० |
| **४.२** | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | ३.५ |

| | | | |
|---|---|---|---|
| क. | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरुको सक्रिय सहभागितमा गर्ने गरिएको छ ? | ०–१ | १ |
| ख. | के कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०–१ | १ |
| ग. | उपभोक्ता समितिलेगर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ ? लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व रहेको छ ? | ०–१ | १ |
| घ. | के स्थानीय निकायले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| **४.३** | **अनुगमन र मूल्याङ्कन** | **४** | **१.५** |
| क | के स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | ०–१ | |
| ख | के स्थानीय निकायमा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | ० |
| ग | के स्थानीय निकायमा लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | ०–१ | ०.५ |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | १ |
| **५** | **आन्तरिक संरचना** | १२ | ८.५ |
| **५.१** | **स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता** | ४ | ३.५ |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | १ |
| ख | दलित वर्ग उत्थानका  लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | १ |
| ग | आदिवासी जनजाति र  दलित वर्ग उत्थानका  विकासको लागि गठन भएको समितिको पदाधिकारीहरु, लक्षित समुहहरुको कार्यक्रम तजुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | १ |
| घ | के नगरमा महिला समन्वय समिति गठन भई नगरमा महिलाहरुको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ०.५ |
| **५.२** | **वित्त तथा लेखा व्यवस्थापन** | ४ | २ |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०–१ | ० |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरुको विकासको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यकम तर्जुमा गरिएको छ ? | ०–१ | १ |
| ग | लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यकम पहिचान गरिएको छ ? | ०–१ | ० |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०–१ | १ |
| **५.३** | **स्थानीय निकायमा गठित समिति** | ४ | ३ |
| क | के न.पा. अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन | ०–१ | ० |

| | | | |
|---|---|---|---|
| | समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | | |
| ख | नगरमा स्रोत अनुमान समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरुमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०–१ | १ |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति नगर समन्वय समिति, दलित वर्ग उत्थान नगर समन्वय समिति, बाल ल्कब पिछडा वर्ग नगर समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०–१ | १ |
| घ | स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरुबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०–१ | १ |
| **६** | **सुशासन** | १२ | १० |
| **६.१** | **पारदर्शिता/ जफावदेहिता** | ४ | ३ |
| क | के स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०–१ | १ |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०–१ | १ |
| ग | के स्थानीय निकायको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ | ०–१ | १ |
| घ | के स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरु छिटो छरिता ढंगबाट दिने गरेको छ ? | ०–१ | ० |
| **६.२** | **सूचना व्यवस्थापन** | ४ | ३ |
| क | के स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि नगर योजना तर्जुमा गर्ने गरेको छ ? | ०–१ | १ |
| ख | के स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ० |
| ग | के स्थानीय निकायले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेका छन् ? | ०–१ | १ |
| घ | के स्थानीय निकायमा खण्डीकृत तथ्याङ्कलाई कम्प्यूटरकृत गरिएको छ ? | ०–१ | १ |
| **६.३** | **सूचना शिक्षा र संचार** | ४ | ४ |
| क | के स्थानीय निकायले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०–१ | १ |
| ख | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ ? | ०–१ | १ |
| ग | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा अभिवृद्धि भई यी | ०–१ | १ |


| | | | |
|---|---|---|---|
| | वर्गहरुको स्थानीय निकायको विकास कार्यहरुमा सहभागिता वृद्धि भएको छ ? | | |
| घ | के स्थानीय निकायले स्थानीय पत्रकारहरुद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? | ०–१ | १ |
| **७** | **मानव संसाधन, सम्बन्ध विस्तार** | **१२** | **६** |
| **७.१** | **मानव संसाधन व्यवस्थापन** | ४ | ० |
| क | स्थानीय निकायमा लैङ्गिक तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | ०–१ | ० |
| ख | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाई छ ? | ०–१ | ० |
| ग | स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयवन गर्ने गरका छन ? | ०–१ | ० |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरुको सुचीकृत अभिलेख छ ? | ०–१ | ० |
| **७.२** | **संबन्ध विस्तार** | ४ | २ |
| क | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ ? | ०–१ | १ |
| ख | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | ०–१ | १ |
| ग | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरुलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको छ ? | ०–१ | ० |
| घ | स्थानीय निकायका कर्मचारीहरुले आन्तरिक र वाह्य श्रोत व्यक्तिहरुसंग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? | ०–१ | ० |
| **७.३** | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | ४ | ४ |
| क | योजना तर्जुमा गर्दा महिलाहरुको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०–१ | १ |
| ख | गम्रीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | ०–१ | १ |
| ग | लैङ्गिक मूलप्रवाहीकरण लागि नगरका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | ०–१ | १ |
| घ | महिलाहरुको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०–१ | १ |
| **८** | **नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **१२** | **८.५** |
| **८.१** | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | ४ | ३ |
| क | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०–१ | १ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | | १ |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | ०–१ | ०.५ |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ ? | ०–१ | .५ |
| ***८.२*** | ***महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने*** | ४ | १.५ |
| क | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट | ०–१ | ० |

| | | | |
|---|---|---|---|
| | विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | | |
| ख | लैङ्गिक हिंसा रहित  जिल्ला⁄ नगरपालिका ⁄ गाविस घोषणा गरेको छ ? | ०–१ | ० |
| ग | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु स्थानीय निकायहरुले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | ०–१ | १ |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ? | ०–१ | .५ |
| **८.३** | **नेपाल सरकारका सामाजिक समावेशीका  विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | ४ | ४ |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयैमा सम्पन्न गरेको छ ? | ०–१ | १ |
| ख | के स्थानीय निकायबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती  हटाउन कार्यक्रमहरु संचालन गर्ने गरको छ ? | ०–१ | १ |
| ग | के स्थानीय निकायबाट आदिबासी जनजातीहरुको विकासको लागि कार्यक्रमहरु यी वर्गहरुको सहभागितामा संचालन गर्ने गरको छ ? | ०–१ | १ |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरेको छ ? | ०–१ | १ |

९. अंक प्राप्त

| **क.स.** | **सूचक र उप सुचक हरु** | | **प्राप्ताङ्क अंक** |
|---|---|---|---|
| १ | १.१, १.२, १.३ | ३+१+३ | ७ |
| २ | २.१, २.२, २.३ | २+२.५+२.५ | ७.५ |
| ३ | ३.१, ३.२, ३.३ | ४+ ३ +३.५ | १०.५ |
| ४ | ४.१, ४.२, ४.३ | १.५+३.५+१.५ | ६.५ |
| ५ | ५.१, ५.२, ५.३ | ०.५+२+१ | ८.५ |
| ६ | ६.१, ६.२, ६.३ | ३+३+४ | १०.० |
| ७ | ७.१, ७.२, ७.३ | ०+२+४ | ६ |
| ८ | ८.१,८.२, ८.३ | ३+१.५+४ | ८.५ |
| **जम्मा** | | | **६४.५** |

## १०. माकुरीजालोको चित्र



## ११. निष्कर्ष :

यस नागरपालिको लैंगीक उत्तरदायी तथा सामाजिक समावेसी बजेट परीक्षण कार्यक्रम यो पहिलो हो । न.पा. गठन भए पश्चात आफ्ना कियाकलापमा गुणात्मक सुधार ल्यान नगरपालिका निरन्तर प्रयासमा रहेको पाइयो । यस कार्यलयको आवधिक योजना वनेका र अन्य संरचनाहरु नर्िति निर्देशन अनुसार भएपनि लैंगीक उत्तरदायी तथा सामाजिक समावेसी डेष्क नवनेको कारणले कतिपय विषयमा लैंगीक उत्तरदायीपूर्ण व्यवहार नभएकोजस्तो देखिएपनि उपभोक्ता समिति, अन्य योजना प्रक्रियाहरुमा महिला सहभागीता पर्याप्त देखिएको पाइयो । यसले कार्यलयलाई लैंगीक मैत्री वनाउनको लागि सहयोग पुग्ने हुन्छ । समग्र रुपमा हेर्दा यस नगरपालिकाको लैंगीक उत्तरदायी तथा सामाजिक समावेसी बजेट परीक्षण गरी हेर्दा मध्यम अवस्था रहेको पाइएको छ । कार्ययोजनामा समेटीएको विषयलाई सम्वोधन आगामी वर्षमा भएका सुधार आउने निश्चित देखिन्छ ।

## १२. सहभागीहरुको नामावली

## १३. कार्यक्रमका झलकहरु